**Nepalese Culture**
**Vol. : 91-108, 2025**
**Central Department of NeHCA,**
**Tribhuvan University, Kathmandu, Nepal**
**DOI: https://doi.org/10.3126/nc.v18i1.78292**

# भक्तपुरको तलेजु भवानी पीठमा दिइने निकुथु बलि

**संगिता पंच**

**Received Date: Jan 13, 2025**
**Accepted Date: April 05, 2025**

## लेखसार

प्रस्तुत लेखमा संरचनात्मक प्रकार्यवादी सिद्धान्तमा आधारित भएर भक्तपुर दरबार क्षेत्रको भवानी पीठमा महाअष्टमीका दिन दिइने बलि निकुथुको सांस्कृतिक अध्ययन गरिएको छ । भक्तपुरको तलेजु मन्दिर परिसरमा दशैंको महाअष्टमीका रातमा २५ ओटा राँगामध्ये २४ वटा तलेजुको मूलचोकमा र एउटा तलेजु भख्वाद्यःमा बलि चढाइन्छन् । यस अवसरमा ६ जना साहीहरूले राँगाको घाँटी रेटेर तथा रक्तनली निकालेर बलि दिन्छन् । तीमध्ये एउटालाई निकुथु भनिन्छ । निकुथु निक्खर कालो रङको, शरीरमा कुनै घाउचोट नभएको राँगोलाई मानिन्छ । भक्तपुर नगरकै ब्यासी टोलका वैद्य थरका मानिसहरूले कालरात्रिभन्दा केही दिन अघिदेखि त्यो राँगोलाई पालन पोषण गर्दछन् । अष्टमीको साँझ तलेजुबाट कर्माचार्य, साही र रंजितकार नयाँ डोरी र एक टिन तोरीको तेलसहित विधिवत रूपमा सो राँगो लिन जाने गर्दछन् । राँगालाई विधिवत रूपमा पूजा गरेपश्चात 'मु हाके'(पर्साउने) गर्नु पर्दछ । राँगालाई कुनै कष्टबिना विस्तारै तलेजु भवानी पीठमा ल्याइन्छ । निकुथुको जात्रा र बलिदौरान राजोपाध्याय, जोशी, कर्माचार्य, चगुठी, मूलगुठी, साही र द्योला जातिको सहभागिता रहन्छ । बलिको क्रममा नगरको माथिल्लो भागमा बस्ने मूलगुठी र तल्लो भागमा बस्ने चगुठी थरका एक एक जना गुठियार तलेजुको प्रवेशद्वारको दायाँ बायाँ अर्धनग्न अवस्थामा हिंःफ्वद्यः (रक्त स्वीकार्य देवता)का रूपमा उपस्थित हुनु पर्दछ । यस विषयमा सामान्य अध्ययन भएतापनि निकुथु(राँगो) बलिसँग सम्बन्धित साँस्कृतिक महत्त्व बारेमा कमै मात्र अध्ययन भएका छन् । तसर्थ यो लेखद्वारा उक्त अध्ययन रिक्ततालाई परिपूर्ति गर्ने प्रयास गरिएको हो । यस लेखमा इमाइल दुर्खिमको संरचनात्मक प्रकार्यवादी सिद्धान्त प्रयोग गरिएको छ । यस सिद्धान्तले समाजमा विभिन्न इकाइहरूबीच प्रकार्यात्मक सम्बन्ध हुन्छ भन्दछ । सामाजिक रूपमा व्यवहारिक मानिने यस सिद्धान्तले संस्कृतिको निर्माणसंगै त्यसको परिवर्तन र विकास हुँदै जान्छ भन्ने मान्यता राख्दछ । यस लेख तयारीमा गुणात्मक शोध विधि प्रयोग गरिएको छ । प्रस्तुत लेखमा तथ्याङ्क प्राथमिक र द्वितीयक दुवै प्रकारका तथ्याङ्क सङ्कलन गरी प्रयोग गरिएका छन् । यसबाट सो समयमा कार्यविभाजनगरी जिम्मेवारी दिएको जानकारी प्राप्त भएको छ । साथै सामाजिक सहिष्णुता तथा धार्मिक अनुष्ठानको साथमा मानवलाई नै देवदेवीको रूपमा पुज्ने गरेको देखिन्छ ।

सूत्रशब्द : कालरात्रि, निकुथु, मूलगुठी, चगुठी, साही, द्यःजू

## अध्ययनको पृष्ठभूमि

प्रस्तुत लेख भक्तपुर दरबार क्षेत्रको भवानी पीठमा महाअष्टमीका दिन बलि दिने निकुथु (रांगो) को सांस्कृतिक अध्ययनसँग सम्बन्धित छ । यो लेख खोजमूलक तथा बिश्लेषणात्मक ढाँचामा तयार गरिएको हो । मध्यकालमा दुर्गा पूजालाई 'मोहनी' चाँडको रूपमा मनाइने कुरा डि.आर. रेग्मीले लेखेका छन् । हालसम्म दशैं चाडलाई नेवारी भाषामा मोहनी नखः भनिन्छ । यसताका उपत्यकाको नेवारी समुदायमा दुर्गाको उपासना पशुबलि दिएर गरिन्छ (क्षेत्री, खतिवडा, वि.सं. २०५४) ।

वैदिक धर्ममा मोहरात्रि, सुखरात्रि, शिवरात्रि र कालरात्रिसमेत ४ रात्रि प्रमुख छन् । रात्रि भनेको देवता हो र यो सोमतत्त्वको प्रतीक पनि हो । सोमतत्त्वले प्रकृति वा शक्ति भन्ने बुझाउँछ । कालरात्रिमा पुजिने शक्तिलाई नवदुर्गा मानिन्छ (पोखरेल, २०७७, पृ. ९८) । भारत र नेपालमा नवदुर्गा पूजा प्राचीन कालदेखि चलेको हो । नेपालमा अष्टमातृकाहरूमा त्रिपुरासुन्दरीलाई गाभेर नवदुर्गा मानिन्छ र नवग्रह शान्तिका लागि, युद्धमा विजयका लागि, माहामारी तथा प्राकृतिक प्रकोपबाट बच्नका लागि नवदुर्गाको पूजा गर्ने चलन थियो (क्षेत्री, खतिवडा, वि.सं. २०५४) । स्थानअनुसार नवदुर्गालाई विविध नाम र स्वरूपमा पुजिने गरिन्छ । मध्यकालदेखि भक्तपुरमा नवदुर्गालाई नगर रक्षक देवताको रूपमा पूजा गर्ने चलन छ । भक्तपुरको तजेजु भवानी पीठलाई नवदुर्गाको दिदीको रूपमा पुजिन्छ (राजोपाध्याय, व्यक्तिगत अन्तर्वार्ता, पुस २२, वि.सं. २०८१) । पौराणिक ग्रन्थ शिवपुराणका अनुसार शिवद्वारा पुत्र गणेशको शिर छेदन गर्दा पार्वतीले क्रुद्ध भएर सम्पूर्ण देवता र स्वयम शिवलाई संहार गर्ने उद्देश्यले सयौं शक्तिहरूको उत्पत्ति गरेका थिए, जसमध्ये नवदुर्गालाई प्रमुख मानिन्छ । नवदुर्गाले सम्पूर्ण देवतालाई त्राहिमाम् गरेपश्चात् यिनीहरूलाई शान्त गर्न यिनिहरूको उपासना गरेपछि शान्त हुँदै गएको चर्चा पाइन्छ (पोखरेल, २०७७, पृ. ९८) ।

काठमाडौं जिल्लाको पूर्वदिशामा पर्ने भक्तपुर जिल्ला ६.८८ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको छ । यो नगर समुद्री सतहबाट १,४०१ मिटरको उचाइमा अवस्थित छ । पूर्व-पश्चिम औसत ४.५ कि.मी. लम्बाइ र उत्तर दक्षिण १.५ कि.मी चौडाइमाा फैलिएको भक्तपुर नगर १० वटा वडामा विभाजित छ । २०७८ सालको राष्ट्रिय जनगणना अनुसार ७९,१३६ जनसङ्ख्या भएको यो नगरमा ९० प्रतिशत भन्दा धेरै नेवार र बाँकी बाहुन, मुसलमान लगायतका जातको बसोबास रहेको छ । यहाँ गृष्म ऋतुमा अधिकतम तापक्रम ३० देखि ३२ डिग्री सेल्सियससम्म र हिउँदमा शुन्य डिग्री सेल्सियससम्म झर्दछ । मध्यकालीन वास्तु, कला - संस्कृति र सम्पदा संरक्षित नगरको विभिन्न ठाउँमा प्रवेशद्वार रहेकोले यो नगर सिङ्गो किल्लाको रूपमा रहेको थियो (भ.न.पा., महोत्सव, पर्चा) ।

भक्तपुर दरवार क्षेत्रको भवानी पीठ तथा मूलचोकमा दशैंको महाअष्टमीका रात २४ वटा राँगोलाई बलि दिइन्छ । तिनीहरूलाई ६ जना साही जातका मानिसले घाँटी रेटेर तथा तिनको प्रमुख रक्तनली निकालेर त्यसको रगत तलेजु भवानी र तलेजुको द्वारमा उभिएका मूलगुठी र चगुठी समुदायको मानिसलाई अर्पण गरी बलि दिने परम्परा छ ।

यिनीहरूमा प्रमुख भने निकुथु हुन्छ । निकुथु निक्खर कालो रङ्गको तथा शरीरमा अपाङ्गता नभएको हुनुपर्ने मान्यता छ । यस राँगोको जात्रा र बलिको लागि राजोपाध्याय, जोशी, कर्माचार्य, वैद्य, चगुठी, मूलगुठी,

साही, घ्योला जातिहरूको सहभागिता रहेको हुन्छ (रंजितकार, व्यक्तिगत अन्तर्वार्ता, पुस ०१, वि.सं. २०८१) । उक्त महिष गुठी संस्थानद्वारा किनेर तलेजुका भवानी पीठसँग सम्बन्धित मानिसलाई जिम्मा लगाउने चलन छ । निकुथु किन्न केही दिन अगाडि नै साही समुदायका ६ जना नायोहरूमध्ये एक सदस्य (न्वकु)ले निकुथुमा हुनुपर्ने सम्पूर्ण गुणहरू हेरेर उपयुक्त राँगो किन्दछ । उक्त राँगोलाई नुहाउने, तेल र भुईसिंनं (केशरी) दल्ने र अक्षेताले सामान्य पूजा गरेर ब्यासी टोलका वैद्यलाई जिम्मा लगाउने परम्परा छ (साही, व्यक्तिगत अन्तर्वार्ता, पुष १६, वि.सं. २०८१) । उनीहरूले पालेको राँगो अष्टमीका दिन मात्र तलेजुबाट कर्माचार्य, साही र रंजितकार समेत सो राँगो लिन जाने गर्दछन् । यस दिन ब्यासी क्षेत्र जात्रामय हुन्छ । टोलका मानिसहरू दुई, तीन स्थानमा बिहानैदेखि भजन गरेर बस्दछन् (प्रत्यक्ष अवलोकन) ।

दशैंको अष्टमीको साँझ तलेजुबाट पूजा सामान र एक टिन तोरीको तेलसहित विधिवत रूपमा भक्तपुर नगरको ब्यासी टोलमा रहेको वैद्य जातिको घरमा सो राँगो लिन जाने गरिन्छ । सो तेल सर्वप्रथम निकुथु पाल्ने व्यक्तिलाई वितरण गरिनुका साथै निकुथु लाने बाटोमा स्थानियले लहरै राखिएका सुकुन्दामा तेल भरेर दिन्छन् । राँगोलाई विधिवत रूपमा पूजा गरेपश्चात 'मु हाके' (पर्साउनु) गर्दछ र कुनै कष्टबिना राँगोलाई स्कटिङ गरेर तलेजु ल्याईन्छ सो दृश्य हेर्न सयौं भक्तजनहरूको घुइँचो लाग्ने गर्दछ (प्रत्यक्ष अवलोकन) ।

तलेजुका सम्बन्धित व्यक्ति र स्थानीयहरू जात्रा गरेर हर्ष र उल्लासका साथ ब्यासीबाट कुदाउँदै ल्याउने परम्परा छ । जात्रा दरबार परिसरमा पुगेपछि तलेजुका पुजारीले लायकुस्थित लामो पाटीमा बसेर निकुथु ल्याउने साहीसँग महिषको बारेमा अन्तर्क्रिया गर्दछन् (चित्र नं. ४) । तलेजु र ब्यासी टोलका मानिसहरूले सो दिन निकुथुको जात्रा सम्पन्न भएपछि मात्र 'कुछि भ्वय्' (नेवा समुदायले अष्टमीका दिन खाने बिशेष भोज) खाने चलन छ (अन्तर्वार्ताः स्थानिय बयोबृद्ध) । यस बलिको क्रममा मूलगुठी र चगुठी थरका एक एक जना गुठियार तलेजुको द्वारको दायाँ-बायाँ जामामात्र लगाएर, हातमा 'द्यःकल्ली' (देवताको चुरा) लगाएर अर्धनग्नभई उभिन्छन् । बलि दिने व्यक्तिले तलेजुका साथै यी दुवै 'हिफः द्यः'

(रक्त स्वीकार गर्ने देवता) लाई समेत रगतको फोहराले छ्याप्ने गरिन्छ । अष्टमीको कालरात्रिमा राँगो बलि दिने ६ जना साहीहरूलाई भोलिपल्ट नायखिं बाजासहित आ-आफ्नो घर पुऱ्याउने गरिन्छ । तिनीहरूले घर जाने क्रममा सर्वसाधारणलाई निकुथुको मासुको टुक्रा प्रसाद स्वरूप वितरण गर्दै जाने गर्दछन् । तिनीहरू सेतो रङ्को नयाँ फेटा, चोलो र जामा लगाएका हुन्छन् (प्रत्यक्ष अवलोकन) ।

महाअष्टमीको दिन बलि दिइने निकुथु र अन्य महिषहरूको बलि दौरान विभिन्न समुदायहरूलाई दिइने कार्यविभाजनले शोधकर्तालाई यस विषयमा अध्ययन गर्न चासो बढेको हो । विभिन्न शोधहरूको अध्ययनबाट बलिप्रथा, पंचबलि, खँमेबलि, तलेजुको उपासना, विभिन्न जातिहरूको विकास र तिनको कार्यहरू आदि विषयमा धेरै अनुसन्धान भएका छन् । तथापि यो सोध भक्तपुरको तलेजुमा दशैंको कालरात्रिमा बलि दिइने निकुथुको सांस्कृतिक अध्ययनसँग सम्बन्धित हुनाले यस अध्ययनबाट शोधार्थीले निकुथु के हो ? निकुथु र यसको बलिमा संलग्न जातिहरूको भूमिका के कस्ता छन् ? निकथु जात्राको प्रयोजन के हो ? भन्ने प्रश्नको उत्तर खोजी गर्ने प्रयास भएको छ ।

अध्ययनमा भक्तपुर नगरभित्रका पुरोहित, जोशी, कर्माचार्य, स्थानीय नेवार समुदायका व्यक्तिहरू लगायत मूलगुठी, चगुठी, रंजितकार, च्योला, साही समुदायका मानिस र तजेजुका पुजारीसँग लिइएको तथ्याङ्कलाई बिश्लेषणात्मक रूपमा, संरचनात्मक प्रकार्यवादी अवधारणा अनुसार समाधान गर्नमा मात्र सीमित गरिएको छ। शोधार्थीले गुणात्मक विधि अर्न्तगत, स्थलगत अध्ययनद्वारा प्रत्यक्ष अवलोकन, सम्बन्धित व्यक्तिहरूसँग अर्न्तवार्ता लिएर तथ्याङ्क सङ्कलन, बिश्लेषण गरी शोध तयार गरिएको छ। शोधको लागि प्राथमिक र द्वितीयक तथ्याङ्क सङ्कलन गरिएको छ। यस शोधको माध्यमबाट भविष्यमा प्राज्ञिक क्षेत्रमा तलेजुमा दिइने महिष बलि, विविध समुदायको सहभागिता र यी यस्तै अन्य चालचलन र परम्परासम्बन्धी खोजि गर्ने सम्पूर्णलाई मार्गदर्शन गर्नेछ।

## अनुसन्धानका समस्या

दशैं चाडको इतिहासदेखि लिएर यस समय पुजिने विविध शक्तिपीठ, नवदुर्गा, दशमहाविद्या र कालरात्रिको सामाजिक महत्त्व, वैज्ञानिक महत्त्वबारे प्राज्ञिक क्षेत्रमा निकै चर्चा भएता पनि भक्तपुरको तलेजुमा दशैंको कालरात्रिमा बलि दिइने निकुथु नामको महिषको सांस्कृतिक अध्ययनसँग सम्बन्धित परम्पराका बारेमा विस्तृत अध्ययन हुनसकेको छैन। तसर्थ निकुथु के हो ? निकुथु र यसको बलिमा संलग्न समुदायको भूमिका के-कस्ता छन् ? निकुथु जात्राको प्रयोजन कसरी प्रष्ट हुन्छ भन्ने समस्यालाई हल गर्न यो लेख तयार गरिएको छ।

## अनुसन्धानको उद्देश्य

माथि उल्लेखि अनुसन्धान समस्याहरूको हल गर्नको लागि बुँदागत रूपमा निम्न अनुसन्धान उद्देश्य तयार गरिएको छ।

- निकुथुका बारेमा परिचय दिनु।
- निकुथु र यसको बलिमा संलग्न समुदायका भूमिकामा प्रकाश पार्नु।
- निकुथु जात्राको प्रयोजनको विवेचना गर्नु।

## अध्ययन विधि

भक्तपुरको तलेजुमा दशैंको कालरात्रिमा बलि दिइने निकुथुको सांस्कृतिक अध्ययनको खोजीको लागि व्याख्यावादको अवधारणा (Anti Positivism) मा केन्द्रित यस शोधको अन्टोलोजी विषयात्मक किसिमको छ, जसमा पूर्णतया गुणात्मक विधि अर्न्तगत Ethnographic अध्ययन विधि प्रयोग गरिएको छ। अनुसन्धानकर्ता सो चलनको प्रत्यक्ष अवलोकन, अर्न्तवार्ताद्वारा निकुथु पाल्ने व्यक्ति र बलिमा संलग्न विभिन्न समुदायको अनुभूति र भावनासँग सम्बन्धित तथ्य सङ्कलन गरिएको छ। यो अध्ययनलाई भौगोलिक रूपमा भक्तपुर नगरमा मात्र सीमाङ्कन गरिएको छ। अध्ययनका क्रममा विविध विधि प्रयोग गरी प्राथमिक र द्वितीयक दुवै प्रकारका तथ्याङ्क सङ्कलन र प्रयोग गरिएका छन्। प्राथमिक तथ्याङ्क प्रत्येक्ष अवलोकन, फोटोग्राफी, अन्तर्वार्ताबाट सङ्कलन गरिएका छन्। त्यस्तै द्वितीयक तथ्याङ्क पूर्व प्रकाशित स्रोतहरू, विभिन्न पुस्तक र कालरात्रि, बलि, नवदुर्गा र तलेजु सम्बन्धी लेख, जर्नल, पत्र-पत्रिका, इन्टरनेटवाट सङ्कलन गरिएको छ। यसरी प्राप्त तथ्यहरूलाई समग्र रूपमा विश्लेषण गरेर व्याख्यात्मक रूपमा अध्ययन सम्पन्न गरिएको छ।

लेख इमाइल दुर्खिमको संरचनात्मक प्रकार्यवादी सिद्धान्तमा आधारित छ। एउटा विन्दुमा संस्कृतिको निर्माण भई क्रमिक रूपमा परिवर्तन र विकास हुँदै जान्छ भन्ने मान्यता प्रकार्यवादीको मूल सिद्धान्त हो । सामाजिक व्यवस्थाभित्र रहेका विभिन्न एकाइहरू बीचको प्रकार्यात्मक सम्बन्धलाई विश्लेषण गर्दछ। यस लेखमा बलिका निमित्त राँगाको व्यवस्था गर्ने, पालनपोषण गर्ने, जात्रामा सहभागी हुने, बलि दिने व्यक्तिले बलि चढाउने, प्रसाद वितरण गर्ने व्यक्तिले प्रसाद वितरण गर्ने गुठी र गुठियारहरूले तोकिएको आ-आफ्नो दायित्व र जिम्मेवारी सम्पादन गर्ने जस्ता विविध पक्षको विश्लेषण गरिएको छ। निकुथु बलि प्रथासँग सम्बन्धित सामाजिक संस्था तथा इकाई हुन्। तिनीहरूका बीचमा रहेको अन्तरसम्बन्ध र ती एकाइबाट हुने कार्य सम्पादन प्रक्रियालाई यस लेखमा प्रकार्यवादी सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ।

## पूर्वसाहित्य समीक्षा

यस लेखको लागि विभिन्न विज्ञ तथा प्राज्ञिक क्षेत्रका व्यक्तिहरूबाट तयार गरिएका लेख, पत्र पत्रिका, पर्चा र ग्रन्थहरूको अध्ययन गरिएको छ। जुन यसप्रकार व्याख्या गर्न सकिन्छ।

ताम्राकार, (२०६६) का अनुसार पनौतीको लाय्कु क्षेत्रको तलेजु घरमा घटस्थापनादेखि दिनहुँ नित्यपूजा गरिन्छ। यसैक्रममा दशैंभरि विधि पुऱ्याएर पूजा गर्न १७ वटा बोका, २ वटा राँगो र १ वटा हाँसको आवश्यकता पर्दछ। उक्त पशुहरूमध्ये नवमीका दिन ब्रह्मायणी, भद्रकाली र मानेश्वरीमा १, १ वटा बोका बलि दिई पूजा गरिन्छ। तत्पश्चात् पुलिसपाटी अगाडि मौलाकोट र तलेजुघर अगाडि दुनेकोटमा क्रमश १, १ वटा बोका र १, १ वटा राँगो बलि दिइन्छ। जसलाई 'ह्याउँ मेचा पालेगु' वा मार हान्ने भनिन्छ। सो दौरान जोसुकैले पनि मार हान्न सक्छ (ताम्राकार, वि.सं. २०६६, पृ. ४०)। यसैगरी नवमीको दिन तलेजुघर अघि मार हानिएको राँगोको चार भागमध्य एक भाग द्वारे, एक भाग दाफा बाजा, १ भाग आचाजू र १ भाग सर्वसाधारणलाई बाँडिन्छ। सर्वसाधारणले उक्त मासु दशैं कोठामा सुकाईराखी लक्ष्मी पूजाको दिन बाल्ने गर्दछन् (ताम्राकार, वि.सं. २०६६, पृ. ४२)। यसबाट बलि दिइएका राँगोको मासुको सही सदुपयोग भएको देखिन्छ।

आचार्य (२०८०)का अनुसार काठमाडौंको विष्णुमती किनारमा रहेको लुँती अजिमाको शक्ति पीठमा मार्गकृष्ण चतुदर्शीको दिन उज्यालो हुनुपूर्व तान्त्रिक पूजा र ज्युँदा जीव जन्तुलाई अग्निमा आहुति दिएर होम गरिन्छ (आचार्य, वि.सं. २०८०, पृ. २८)। होमको तयारी पूर्व मन्दिरमा राँगोहरू बलि चढाउने, देवीलाई रगत अर्पण गर्ने र राँगाका टाउकाहरू मन्दिर तर्फ फर्काएर राख्ने विधिहरू सम्पन्न गरिन्छ। होमपूर्व मन्दिर परिसरमा रहेको क्षेत्रपालको पूजा र राँगो बलि दिएपछि मात्र होमको कार्य आरम्भ हुन्छ (आचार्य, वि.सं. २०८०, पृ. २३)। यसबाट शक्तिपिठहरूमा विविध समयमा पशुबलिसहित पूजाउपासना गर्ने तथ्य प्रकाश हुन्छ।

श्रेष्ठ, (२०८०)का अनुसार दशैंको शुभ अवसरमा भक्तपुरको तलेजुमा कालरात्रिको दिन २५ वटा राँगाहरूको भोगबलि दिने चलन छ। लेखकका अनुसार सो राँगोलाई राजकीय सम्मानसहित तलेजु भित्र्याइन्छ र दुर्गा भवानीले महिषासुर दैत्यलाई वध गरी दैत्यको भोगबलि ग्रहण गरेको प्रतीकको रूपमा उक्त बलि दिइन्छ। उक्त राँगोहरू भक्तपुरका विभिन्न स्थानहरूबाट ल्याइन्छ तीमध्य 'निकुथु' लाई मुख्य राँगो मानिन्छ। लेखक तलेजुको 'जह्वँचोक'मा रहेको १० वटा दलिनमा १० वटा राँगोहरूको नामसहित मौलोमा बाँधिएका मूर्तिहरू

कुँदिएको उल्लेख गर्दछन् (श्रेष्ठ, वि.सं. २०८०, पृ. ५७६-५७७) । यसबाट भवानीपिठमा बलि दिइएका सम्पूर्ण महिषहरू महिषासुर वा दानवका प्रतीक हुन् भन्ने बुझिन्छ ।

राजोपाध्याय (२०८०) ले आफ्नो पुस्तकको प्राक्कथनमा जलचरहरू माछा र अन्य जीवहरू खाएर जीवन निर्वाह गर्दछन् । महाकालीले मधु र कैटभको जीवबलि दिएर नारायणलाई चढाएको र तिनीहरूको शरीर सडेर भूभाग बनेको र ती दुवैले जन्ममरणको बन्धनबाट मुक्त भएको उल्लेख छ ।  यसरी सिर्जनाको आरम्भमै वैष्णव धर्मका आराध्यदेवले जीवबलि लिएको व्यक्त गर्दछन् । महालक्ष्मीले अति नै पराक्रमी महिषलाई संहार गरेपश्चात तिनले पनि मुक्ति पाए भनिएको छ । यसैगरी महासरस्वतीले शुम्भ, निशुम्भलाई परास्त पारेको कथाबाट त्यत्तिकै मरेर जानुभन्दा परमात्माको साथ जोडिन पुग्नु सद्गति हो भन्ने तथ्यलाई पुष्टि गर्दछ । पशु पक्षीहरू भवानीको रसना वा जिब्रोमा पुगी जन्ममरणको बन्धनबाट मुक्त हुन्छन्, चामुण्डा माँ नै बन्दछन् बलिरूपी प्राणीहरू भन्ने तर्क राजोपाध्यायको छ ।

## अध्ययनको प्राप्ति

भक्तपुर दरबार क्षेत्रको भवानी पीठमा महाअष्टमीका दिन बलि दिने निकुथु सांस्कृतिक अध्ययन सम्बन्धित लेखको खोजीको क्रममा प्राथमिक र द्वितीयक स्रोतहरूबाट यस सम्बन्धमा विभिन्न जानकारीहरू प्राप्त हुन आएका छन् । यी जानकारीहरूलाई विभिन्न शीर्षकहरूमा विभाजन गरी प्रस्तुत गरिएको छ ।

### शक्ति उपासनाको ईतिहास

नेपालमा शक्ति उपासना ज्यादै प्राचीन मानिन्छ । पुराणहरूमा शक्तिलाई पार्वती, दुर्गा, काली, शक्ति, भगवती, चण्डी, अम्बिका आदि नामले पुजिन्छन् । नेपाल महात्म्यमा सतीदेवी गुह्य अंग पतन भएर गुह्येश्वरी पीठ रहेको उल्लेख पाइन्छ (पोखरेल, वि.सं. २०७६, पृ.४४) । तराईको वन्जाराहिको उत्खननबाट प्राप्त नारी मुखौटालाई ई.पू. पाँचौं वा छैठौं शताब्दीको मानिन्छ । यसैगरी कपिलवस्तुको उत्खननबाट प्राप्त स्त्री मूतिहरू ई.पू. प्रथम शताब्दीको मानिन्छ । लिच्छविकालका अभिलेखसहितका दर्जनौं नारीमूर्तिहरू पनि यत्रतत्र पाईन्छ । जस्तैः चाँगुनारायण, हाँडीगाउँको महिष मर्दिनीको मूर्ति, यसैगरी पूर्व मध्यकालमा उपत्यकामा अष्टमातृका पीठहरूको स्थापना गरिनु । राजा जयस्थिति मल्ल मनमानेश्वरी देवीका परम भक्त थिए र उनले 'श्रीमनमानेश्वरीवरलब्धप्रसाद' उपाधि धारण गरी आफूलाई शक्तिका उपासक मानेको तथ्य ने.सं. ५०८ को पशुपति जयवागेश्वरीको अभिलेखबाट प्रस्ट हुन्छ । यक्ष मल्लले ने.सं. ५५८ को ठिमी वहालटोलको शिवालयको अभिलेखमा श्रीमन्मानेश्वरीदेवीवरलब्ध' उपाधि धारण गरेको उल्लेखित छ (बज्राचार्य, वि.सं. २०६८, पृ.२९०) ।

राँगोको गुप्त पूजाविधि सम्पन्न गर्दा अरुलाई सुनाउन र देखाउन हुन्न भन्ने मान्यता रहेको छ । राँगोलाई कुनै हतियारबिना नै बलि चढाउन उत्तम मानिन्छ । अगाडि नै राँगोको मूल रक्तवाहिनी छिनालेर त्यसको रगतलाई मन्दिरमा रहेका विविध देवीदेवता, अष्टदिक्पाल, तोरण, टुँडालका प्रतिमाहरूमा समेत चढाउने प्रचलन छ (पौड्याल, शर्मा, पोखरेल, २०७८, पृ. १०२) ।

सुवेदी (२०८०)का अनुसार सनातनले हिंसाको विरोध गरेतापनि बलिपूजा अर्चनाको विरोध भएको छैन । लेखकका भनाईमा बलिपूजामा पुण्य कमाउनकै लागि पशुलाई समेत पर्साएर पूजा सम्पन्न गरिन्छ । साथै

बलिपूजामा चढ्ने पशुले मोक्ष प्राप्त गर्दछ । यसैगरी देवीको पूजामा राँगो वा जुन पशुलाई बलि चढाइन्छ, त्यो पशु फेरि सोही योनिमा फर्कदैन तसर्थ बलि चढाउने साधकलाई पनि पाप लाग्दैन भन्ने भनाइ पाइन्छ ।

## निकुथु

दसैँलाई अर्को भाषामा दुर्गापूजा पनि भनिन्छ । किनकि दसैँमा पुजिने मुख्य देवी दुर्गा हुन् । नेपालमा प्राचीनकालदेखि नै दुर्गाको पूजाआजा हुने गरेको प्रमाण पाइन्छ । ईशाको आठौं शताब्दीका राजा जयदेवको च्यासलटोलको अभिलेखमा दशमी गोष्ठीको उल्लेख परेको छ । यस आधारमा लिच्छविकालदेखि नै यहाँ दुर्गापूजा या दशैं चाडको प्रचलन रहेको कुरा धनवज्रले उल्लेख गरेका छन् । यसैगरी दुर्गापूजा गर्ने वा दसैं मनाउने चलन मध्यकालमा पनि चल्यो । मल्लहरूको इष्टदेवी तुलजा भवानी हुन् । उपत्यकामा तुलजा भवानीलाई १४ औं शताब्दीमा स्थापना गरियो । दुर्गाको अर्को नाम मध्यकालमा तुलजा वा तलेजु हो ।

भक्तपुरको तलेजुमा दसैँको अष्टमीको कालरात्रिमा २५ ओटा राँगाको बलि दिने परम्परा रहेको छ । यीमध्ये एक ओटा राँगा भण्डारखाल पोखरीसँगैको 'बिस्ख्वा द्यः' (देवताको नाम)मा बलि दिइन्छ सो राँगोलाई 'ढिचा में' भन्ने गरिन्छ (राजोपाध्याय, व्यक्तिगत अर्न्तवार्ता, पुस २२, वि.सं २०८१) । २४ ओटा राँगाहरू तलेजु मन्दिरको मूलचोकमा बलि दिइन्छ (प्रत्यक्ष अवलोकन) । विगतमा ती राँगाहरू भक्तपुरको विभिन्न टोलहरूबाट ल्याइन्थे भन्ने मान्यता रहेको छ । जस्तैः चासुखेल, गोल्मढी, टौमढी, ईताछें आदि । त्यसैको आधारमा ती राँगाहरूको नामाकरण गरिएको हुन्थ्यो जस्तैः चासुखेल थु, गोल्मढी थु, तमारी थु, ३ वटा इताछें थु, आलाचो थु, गथु, जेथा थु, ब्यासी थु, किग थु, थुगुचो थु, लैसा थु । (जात्रापर्व, संस्कार र चगुठी, पृ. ४६, वि.सं. २०६४) ।

नेवा भाषामा राँगोलाई 'थु' र भैंसीलाई 'में' भनिन्छ । नेवा भाषामा निकु भन्नाले गाढा, अति मसिनो, शुद्ध भन्ने हुन्छ (माली, पृ.३३१, वि.सं.२०८१) । कालरात्रिका दिन बलि दिने सम्पूर्ण राँगा तलेजुको गुठीबाट व्यवस्था गर्दछन् । तीमध्ये निकुथुलाई अति प्रमुख मानिन्छ । निकुथु निक्खर कालो रङको, शरीरमा अपाङ्गता नभएको, शरीरमा ७ चक्र भएको, आधा रौँ अघि र आधा पछाडि फर्केको, पुच्छरमा सेतो रौँ नभएको, खुरसमेत कालो भएको हुनुपर्ने मान्यता छ । निकुथु छनौट गर्ने एकजना व्यक्ति साहीको भनाइमा कालरात्रिको केही दिनअघि निकुथु खरिद गरिन्छन् । निकुथु खरिद गरेपछि किनिएको स्थानमा नै पूजा गरेर यसलाई नयाँ डोरीले बाँधेर ब्यासीका वैद्यको घरमा लगिदिने परम्परा छ (चित्र नं. १) । एक समय अन्जानमा वैद्यको घरको माथि लुगा, कपडा झुण्ड्याइरहेको थियो । त्यस बखत राँगो विपरीत दिशामा जान खोजेको र सो कपडा निकालेर शुद्ध गरेपश्चात मात्र महिष उक्त घरमा प्रवेश गरेका थिए भन्ने भनाइ पाइन्छ (साही, व्यक्तिगत अन्तर्वार्ता, पुस १६, वि.सं. २०८१) ।

राँगोलाई बलि दिनुपूर्व विधिवत रूपमा ब्यासीस्थित कृष्णगोविन्द वैद्यको घरमा केही दिन (१-७) राखिन्छ । यसअघि गुठीको पालो परेको घरमा उक्त राँगा राख्ने चलन थियो । राँगा पालनपोषणको लागि ल्याउने बेलामा त्यस घरमा मानिसहरूले स्वागत गरेर राँगोलाई पूजा गर्दछन् । सो राँगो हेर्न आउने सर्वसाधारण तिनलाई देवताको रूपमा पुज्ने चलन रहेको छ । राँगोलाई घरधनीले दिनहुँ आवश्यक दानापानी र घाँस खुवाउने गरिन्छ (वैद्य, व्यक्तिगत अर्न्तवार्ता, पुस २०, २०८१) ।

दशैंको अष्टमीमा तलेजुबाट महिषको विधिसहित पूजा गर्दछन् । त्यसमा कर्माचार्य, रंजितकार र साही अनिवार्य जाने गर्दछन् । तिनीहरूले क्रमशः पूजा गर्ने, चिलाख बोक्ने र नयाँ डोरीले निकुथुलाई ब्रम्हपास लगाईदिने चलन रहेको छ । सो समय राँगोलाई विधिवत पूजा गरेर 'मुँ हाकेगु' (पर्साउने) काम सकेपछि मात्र तलेजु ल्याउने परम्परा छ (सोही) ।

निकुथु लाने पथ बालाखु गणेश वा यालाछें टोलदेखि ब्यासी टोलसम्म दियोबत्ती बालेर सजाइएको हुन्छ (प्रत्यक्ष अवलोकन) । यसैगरी विगतमा तलेजुबाट लगेको एक टिन तेल ब्यासीको दाफा भजनलाई एक वर्षसम्म बत्ती बाल्न पुग्नेगरी दिइन्छ भन्ने सर्वसाधारणको भनाइ छ ।

निकुथुलाई तलेजु मन्दिरभित्र प्रवेश गराउनुअघि दरबार क्षेत्रको लामो पाटीअघि ल्याइन्छन् । त्यहाँ राजाको प्रतीक खड्ग बोकेर तथा राजकीय पोषाकमा सजिएका राजोपाध्यायद्वारा महिषको सम्पूर्ण गुणको बारेमा सोधखोज गरिन्छ । त्यसपछि मात्र निकुथुलाई मूलचोक भित्र्याउने आज्ञा दिइन्छ । (राजोपाध्याय, व्यक्तिगत अन्तर्वार्ता, पुस २२ वि.सं.२०८१) ।

स्थानीयहरूको भनाइमा सो दिन निकुथु लाने बाटोको वरिपरि बस्ने कसैले पनि नुहाइ, धुवाइ गर्न नहुने, छत, झ्यालहरूमा लुगा झुण्डाउन नमिल्ने विश्वास गरिन्छ । यसैगरी निकुथु तलेजु लाने क्रममा बाटोमा कुनै किसिमको बाधा अड्चन नहोस् भनेर महिषको अघि अघि केही व्यक्तिहरू ठूलो स्वरमा 'बिनाबी बिनाबी' (क्षमा, क्षमा) भन्दै हिँड्दछन् । कालरात्रिका दिन सर्वप्रथम निकुथुलाई बलि दिइन्छ । त्यसपछि अन्य बाँकी २३ वटा महिषहरूलाई बलि दिने चलन छ । तिनका रक्तलाई सर्वप्रथम तलेजु भवानीलाई अर्पण गरिन्छ । तत्पश्चात तलेजुको द्वारमा उभिएका मूलगुठी र चगुठीका देवगणको रूपमा प्रतिस्थापना गरिएका गुठियारलाई अर्पण गरिन्छ । नवमीका दिन ती महिषका शिरहरू मूलचोकमा सर्वसाधारणको लागि प्रदर्शनमा राखिएको हुन्छ (प्रत्यक्ष अवलोकन) । तलेजुका पुजारीको भनाइमा एक समय निकुथुको रक्त तलेजुको छानालाई नाघेर जहँचोकसम्म पुगेको कथन रहेको छ ।

## निकुथुको बलिमा सहभागी विभिन्न रकमीहरूको भूमिका

गोपालराज वंशावलीमा प्रथम सुर्यवंशी लिच्छवि राजा सुपुष्पदेवले चार वर्णको व्यवस्था गरेको उल्लेख पाइन्छ । यसै गरी लिच्छवि राजा नरेन्द्रदेवको भक्तपुरको अनन्तलिङ्गेश्वरको अभिलेखमा ब्राम्हणदेखि चाण्डालसम्मको उल्लेख गरिएको छ। यसै गरी संवत ४२८ राजा वसन्तदेवको समयताका थानकोट आदिनारायणको मन्दिरको शिलालेखमा १८ जातको उल्लेख छ । समाज विभिन्न भागहरूको एकिकृत रूप हो । समाजमा रहने जात धर्म, संस्कृति, संस्था, संगठन, व्यक्ति आदि सबै सामाजिक एकाइहरू हुन् । सामाजिक एकाइ तथा समग्रताबाट नै एउटा स्वरूपको निर्माण हुन्छ जसलाई संरचना (Structure) भनिन्छ (श्रेष्ठ, आचार्य, वि.सं. २०७४, पृ. १२९) । संरचनात्मक स्वरूप समाजको बाह्य पक्षसँग सम्बन्धित छ । यसैगरी निकुथु जात्रामा विभिन्न रकमीहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् । जात्राको क्रममा बलिको निमित्त गरिने पूजामा ब्राम्हण वर्ग मानिएका कर्माचार्य, राजोपाध्याय, जोशी, खेती तथा धार्मिक कार्य गर्ने मूलगुठी, चगुठी, रंजितकार, वैद्य तथा मासुजन्य कर्म गर्दै आएका साही तथा देवपाल र सफाइ कार्यमा आफ्नो भूमिका निर्वाह गर्दै आएका द्योला सम्मका जातिहरूले आफ्नो जिम्मेवारी बहन गरेका हुन्छन् ।

## राजोपाध्याय, कर्माचार्य र जोशीको भूमिका

तलेजुको सम्पूर्ण पूजाविधिमा राजोपाध्याय, कर्माचार्य र जोशीहरूको प्रमुख भूमिका रहेको हुन्छ। निकुथु बलिको अवसरमा गोप्य पूजाकर्म पनि यी सम्पूर्ण वर्गमा मानिसहरू अनिवार्य रूपमा उपस्थित हुन आवश्यक छ। निकुथु तलेजु प्रवेश गराउनुअघि कर्माचार्यले वैद्यको घरमा तान्त्रिक विधिबाट पूजा गरेर निकुथुलाई पर्साउँदछन्। त्यसपछि विधिवत रूपमा निकुथु जात्राको सुरु हुने गर्दछ (प्रत्यक्ष, अवलोकन)। जात्राको क्रममा राजोपाध्याय तलेजु भवानीको प्रतीकको रूपमा खड्ग बोकेर बस्दछन्। तिनले साहीसँग निकुथुको बारेमा विस्तृत जानकारी लिएपछि मात्र तलेजुमा भित्र्याउन अनुमति दिने गर्दछन्। यसैगरी बलि दिनुअघि द्यःजुलाई द्यःकल्ली (चुरा) हस्तान्तरण गर्ने कार्य जोशीले गर्दछन्। (चगुठी, व्यक्तिगत अन्तर्वार्ता, पुष २२, वि.सं. २०८१)। यसरी नै ६ जना साहीहरूलाई पूजा गरी सर्वप्रथम निकुथुलाई मन्त्र सुनाइन्छ। ब्राम्हणले राजाको नामबाट संकल्प पूजा गर्दछन्। जोशीको साइत अनुसार ब्राम्हण र कर्माचार्यले विधिपूर्वक तलेजुको मूलढोका वरिपरिका कलश बोकेका देवतालाई पूजा गर्दछन् (जात्रापर्व, संस्कार र चगुठी, पृ. ४६, वि.सं. २०६४)।

## रंजितकारको भूमिका

रंजितकार नेवा समुदायको एक थर हो जसलाई 'छिपा' पनि भनिन्छ। छिपाको प्रमुख पेशा कपडामा रङरोगन गर्ने, कपडामा बुट्टा भर्ने र ढुङ्गाको काम गर्ने पनि गर्दछन्। तलेजुमा दशैंको पूजाका अवसरमा रंजितकारहरूको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। जस्तैः घटस्थापनाको चारदिन अघिदेखि कुमारीचोकको भित्ताको लिपपोत गर्ने, घटस्थापनाको लागि ख्वद्व (हनुमानघाट) गएर चोखो पानी लिन जाने र दशमीका दिन 'पायः न्हाकेगु' (वर्षको एक पटक सर्वसाधरणलाई दर्शन दिन तलेजु भवानीको अर्ध नगर परिक्रमा) को अवसरमा चिलाख समाएर अन्य खड्गधारी व्यक्तिसँग नगर परिक्रमा गर्ने, होलीपर्वको समय राधाकृष्ण बोकेर नगरपरिक्रमा गर्ने जस्ता महत्त्वपूर्ण कार्य गर्दछन्। यसै क्रममा उनले अष्टमीका दिन साँझ 'निकुथु' लिन जाँदा एक टिन तोरीको तेल र चिलाख(बत्ती) बोक्दछन्। यसवापत रंजितकारलाई महिषको अघिल्लो र पछिल्लो भागका साथै आधा बोकाको मासु पाउने गर्दछन् (रंजितकार, व्यक्तिगत अन्तर्वार्ता, पुष १, वि.सं. २०८१)।

## मूलगुठी र चगुठीको भूमिका

भक्तपुर नगरको मध्यभाग लायकुबाट माथिल्लो भागलाई 'थनें' र तल्लो भागलाई 'क्वने' भनेर सम्बोधन गरिन्छ। निकुथु बलिमा एकजना मूलगुठी र एकजना चगुठी जातिको प्रत्येक्ष सहभागिता रहेको हुन्छ। यी जातहरूमध्ये विगतमा चगुठीहरू 'क्वने' र मूलगुठीहरू 'थने' भेगमा बासोबास गर्दै आएका थिए। दुवै व्यक्ति घटस्थापनादेखि अष्टमीसम्म दिनहुँ स्नान गरी पूर्ण रूपमा शुद्ध भएर अलग्गै बस्ने तथा आफैं पकाएर शुद्ध भोजन गर्ने गर्दछन्। बोलीचालीमा यी व्यक्तिहरूलाई द्यःजुः (देवमानव) भनी सम्बोधन गरिन्छ, जो शारीरिक रूपमा स्वस्थ्य हुनुपर्दछ भन्ने मान्यता छ। यिनले कालरात्रिको सम्पूर्ण कार्य समापन गरेर स्वगं(सगुन) नलिएसम्म पुजारीदेखि अन्य कसैले पनि छुन नहुने विधान रहेको छ। यदि झुक्किएर छोएमा ती व्यक्तिहरूले पुनःस्नान गरेर शुद्ध हुनुपर्दछ भनिन्छ। यी द्यःजुःले नवरातको ८ दिनसम्म बिहान दिनहुँ नाङ्गो खुट्टाले हिँडेर तलेजु र दुमाजुलाई दुई हातमा एक एक जोर पूजा बोकेर जानु पर्ने मान्यता छ। तलेजु भवानीको पूजा गोप्य हुने हुँदा

मन्दिरका पुजारीले मूलगुठी र चगुठीले ल्याएको पूजा द्यःजुःलाई नछुनेगरी ग्रहण गर्दछन् । लगत्तै दुबै जातिका मानिससंगै बसेर दुमाजुलाई पूजा गर्न जाने परम्परा छ (चगुठी, प्रत्यक्ष अन्तर्वार्ता, वि.सं. २०८१) ।

महाअष्टमीको बिहान भिसमिसे उज्यालोमा मूलगुठीका 'द्यःजु' गुठियारहरूको पहरामा भौखेलसम्म गएर चोखो पानी ल्याउने गर्दछन् । अन्य व्यक्ति तथा पशु पक्षीले बिटुलो गर्ला भनेर दायाँ बायाँ, अघि -पछि गुठियारहरू पहरा दिँदै जाने चलन छ । सो दौरान पनि द्यःजुलाई कसैले छुनु हुँदैन भन्ने मानिन्छ । यदि पुल तर्नु परेमा पनि पुलमा द्यःजु, पूर्व द्यःजुः गाग्रीसहित दुई जनामात्र एकअर्कोलाई नछोई सँगै जान मिल्दछन् । चोखो पानी लिन जाने बेलामा बाटोको दायाँबायाँ मानिसहरू अनिवार्य उठ्नुपर्ने, पशुपक्षीले बाटो काट्न नहुने, घरको माथि कपडा सुकाउन नहुने भन्ने विश्वास गरिन्थ्यो । मूलगुठीका अनुसार सर्वसाधारणले द्यःजुलाई टाढैबाट पूजा गरी धूप, बत्ती बाल्ने समेत गरिन्थ्यो । भौखेलको मुहानसँगै बसेको बस्तीले गर्दा सो स्थानमा हाल मुहानबाट पानी आउन छाडेको तथ्य मूलगुठी भन्दछन् । यसैगरी बाटोमा मानिसको चाप बढ्नाले शुद्धता कायम गर्न कठिनाइ हुँदा यो चलन विगत केही वर्षदेखि पूर्ण रूपमा बन्द भइसकेको पनि उल्लेख गर्दछन् । उनले यसको विकल्पमा तलेजुभित्र रहेको ईनारबाट चोखो पानी लिने गरेको उल्लेख गरे (मूलगठी, प्रत्यक्ष अन्तर्वार्ता, वि.सं. २०८१) ।

तलेजुको मुलद्वारको दायाँबायाँ गंगा र जमुनाको धातुको कलात्मक मूर्ति स्थापना गरिएको छ । मुलद्वारको दायाँ गोही बाहान भएको, बायाँ हातमा सिन्ह्मु बोकेकी गंगाको प्रतिमा रहेको छ । यसैगरी सोही द्वारको बाँया कछुवा बाहनमा, दाँहिने हातमा ज्वालान्हेकं बोकेकी जुमुनाको धातुको प्रतिमा स्थापना गरिएको छ (प्रत्यक्ष अवलोकन) । तलेजुका मूल पुजारीका अनुसार गंगा र जमुना पवित्र, सात्त्विक भोजनग्राही हुनाले त्यसको रेखदेख गर्न तिनका अघि ती राँगाहरू बलि दिनुअघि, मूलगुठी र चगुठी जातको एक, एक व्यक्तिलाई खडा गरिएको अनुमान गरिन्छ । गंगाको प्रतिमाअघि मूलगुठी र जमुनाको प्रतिमाअघि चगुठी उभिएको हुन्छ (मूलगठी, प्रत्यक्ष अर्न्तवार्ता, वि.सं. २०८१) ।

अष्टमीको दिन निकुथुको बलि नदिएसम्म दुवैजना 'द्यःजु' पूरै दिन निराहार बस्नुपर्दछ । बलिपूर्व मूलगुठी र चगुठी दुवैलाई गुठियारले शुद्ध भएर शरिरमा तेल र घ्यू दलिदिने गर्दछन् । 'द्यःजुः'ले धारण गर्ने 'सःजनी' (३२ हाते पटुका) बनाउने प्रतिनिधि समेत शुद्ध भएर धोती बुन्नु पर्ने कथन रहेको राजाराम मूलगुठीले अन्तर्वार्ताको दौरान बताए । बलि दिइएका राँगाको रगत क्रमशः तलेजु भवानी, तलेजुको द्वारको दायाँ बायाँ उभिएका मूलगुठी र चगुठीलाई अर्पण गर्ने गरिन्छ । ती व्यक्तिहरूलाई 'हिफः द्यः' (रक्त स्वीकार्य देवता) भनेर सम्बोधन गरिन्छ । तिनले धारण गरेको रक्त भएको पटुका कम्मरमा बाँधेमा कम्मर दुख्ने समस्याबाट छुटकारा पाउने विश्वास गरिन्छ । पूजा सम्पन्न भएपछि देवता स्वरूप प्रतिस्थापन हुने व्यक्तिलाई दुमाजु पोखरी लगेर तातेपानीले स्नान गराइन्छन् । 'गुक्षें' (चगुठीको गुठीघर) सम्म गुठियारहरूको पहरामा सर्वसाधारणलाई नहुनेगरी फूल वितरण गर्दै फर्कने परम्परा छ । अन्त्यमा 'गुक्षे'मा निकुथु र अन्य थुहरूको 'चिला' (मासु) पोली भोजन गराईन्छ (जात्रापर्व, संस्कार र चगुठी, पृ. ४६) । गुठीको नायोबाट 'स्वगं' (सगुन) लिएपछि मात्र अन्य मानिसले छुन मिल्ने परम्परा रहेको छ । नवमीका दिन तलेजुमा निकुथुको मासु प्रसादको रूपमा लिन जाने परम्परा छ र उक्त मासु लक्ष्मी पूजामा धुनी जगाउन प्रयोग गरिन्छ (चगुठी, प्रत्येक्ष अर्न्तवार्ता, वि.सं.२०८१, वि.सं. २०६४) ।

## साहीको भूमिका

साही जातिले परापूर्व कालदेखि मासुजन्य काम गर्दै आएको छ। निकुथु बलिमा साहीको बिशेष भूमिका रहेको हुन्छ । तलेजुमा जम्मा ६ जना साहीहरू प्रमुख छन् । निकुथु बलिभन्दा महिनादिन अघिदेखि साहीका नायोहरूले पनि शुद्ध भएर एक्लै सुत्ने, मांस र मद्यपान नगर्ने जस्ता बाचा स्वरूपमा तलेजुका पुजारीबाट 'भुस्वङ'को माला दिइएको हुन्छ । तीमध्य निकुथुको छनौंट, पूजा र बलि दिने कार्य 'न्वकु' (साहायक नाईके)ले गरिन्छ। दशैंको दौरान तलेजुबाट जम्मा २७ वटा राँगोहरूबली दिईन्छ। यि मध्ये २ ओटा राँगा भक्तपुर नगरको चोछेंस्थित छुमा गणेश मन्दिरमा बलि दिइन्छ । जसमा घटस्थापनाको दिन र पञ्चमीका दिन गरी दुई पटक बलि दिने चलन छ। यसैगरी कालरात्रिको लागि आवश्यक प्रमुख राँगोको खोजी गर्ने कार्य साही समुदायको नै हुन्छ । राँगामा हुनुपर्ने सम्पूर्ण गुणहरूको अध्ययन पनि यिनै समुदायका मानिसले गर्दछन् जुन माथि परिचय खण्डमा चर्चा भइसकेको छ। यसैगरी कालरात्रिको केही दिनअघि निकुथु किन्न जाने समय 'न्वकु'(सह-नाईके)ले सो छनौट गरिएका महिषलाई पूजा गरेर, तेल र सिन्दूर लगाएर नयाँ डोरीले ब्रम्हपास राखेर ब्यासी टोलमा ल्याइन्छ (साही, व्यक्तिगत अन्तर्वार्ता, वि.सं. २०८१) ।

निकुथु जात्राको समय राँगो फुकाउनु अघि कर्माचार्यले साहीको हातमा पूजा गरेर, दक्षिणा चढाएपछि मात्र नयाँ डोरीले उक्त निकुथुलाई बाहिर ल्याउने र मनोरञ्जनको लागि सर्वसाधारणलाई दरबार क्षेत्रसम्म जिम्मा लगाउने गरिन्छ। दरबार क्षेत्र पुगेपछि निकुथुलाई पुनः साहीकै हातमा सुम्पिन्छ र त्यहाँ रहेका राजाको प्रतीक खड्गधारी राजोपाध्याय र साहीबीच नेवाः भाषामा वार्तालाप हुन्छ ।

वार्तालापमा राजाले साहीलाई यो राँगो शुद्ध हो कि होइन, नगरको माथिल्लो र तल्लो भेगका मानिसहरूको बीच बिहेबारी चल्छ कि चल्दैन ? एक पैसाबाट ९ पाठी चामल आउँछ कि आउँदैन ? भन्ने प्रश्न गर्दछ र उत्तरमा साहीले सबै प्रश्नको सकारात्मक जवाफ दिँदै पाप जति आफूले भोग गर्ने र पूण्य जति हजुरको होस् भनेर भन्दछ अन्त्यमा राजाले ल, उसोभए ठीक छ भनेर वार्तालाप सकाएर राँगोलाई तलेजुभित्र लान अनुमति दिइन्छ। साहीले निकुथुलाई तलेजुको मुलचोकमा लगेर तोकिएको मौलोमा बाँध्ने कार्य गर्दछ। कालरात्रिमा सर्वप्रथम निकुथुलाई नै बलि दिने गरिन्छ । बलिपश्चात सम्पूर्ण रात्रिकालीन पूजाविधि गोप्य रूपमा सम्पन्न गरिन्छ। नवमीका दिन इन्द्रायणी पीठलाई निकुथुको मासु र फूल चढाउन गइन्छ। तत्पश्चात नाय्खिंबाजा सहित ६ जना साहीहरूलाई स-सम्मान गृहस्थल पुऱ्याउने गरिन्छ। बाटोमा निकुथुको प्रसाद लिन सर्वसाधारणको घुइँचो लाग्ने गरिन्छ (साही, व्यक्तिगत अन्तर्वार्ता, वि.सं. २०८१) ।

## द्योलाको भूमिका

विशेषगरी भक्तपुर नगरको भेलुखेलमा द्योला जातिको बसोबास रहेको छ। अष्टमातृका पीठहरूमध्ये बाराही, ब्रह्मायणी, भद्रकाली र कुमारीको पीठमा द्योला जातिका मानिस नै देवपालको रूपमा बस्ने गरिन्छ। निकथुको बलिपश्चात मुलचोकको सफाइ गरी फोहरलाई कालजातले दिइएको परालको माध्यमबाट गोप्य रूपमा व्यवस्थापन गर्ने, निकुथु र पलेथुको भुडी भाग लिनेजस्ता कार्यमा द्योला जातिको संलग्नता रहेको हुन्छ। कालरात्रिको दिन द्योला जातिका मानिसहरू २४ ओटा 'ग्वपचा' (माटोको सानो घैंटो) बोकेर बस्दछन्। सो घैंटोमा निकुथुको रगत सङ्कलन गरिएको हुन्छ (चित्र नं. ६)। उक्त रगत दशैंको पूर्णिमाको दिन द्योला समुदायको प्रत्येक

घरको ढोकामा छाप लगाएको हुन्छ । यसैगरी अष्टमीको करिब एक सातापछि साहीहरूले सूर्यविनायक मन्दिरमा देवपाल बस्ने द्योला समुदायको नायोलाई निकुथुको पछिल्लो भागको हड्डी दिन ल्याउने परम्परा रहेको छ । उक्त हड्डी जमिन नछुवाई हावामा सुकाएर राखिन्छ । नायोले लक्ष्मीपूजाको दिन प्रत्येक द्योला समुदायको हरेक घरको मानिसलाई एक एक टुक्रा बाँडिदिने गरिन्छ । जुन लक्ष्मीपूजा गर्दा धुनीमा राखेर बाल्ने गरिन्छ । यसबाट घरको नकारात्मक शक्ति विलीन हुने विश्वास गरिन्छ (मातङ्गी, दिलबहादुर, प्रत्यक्ष अर्न्तवार्ता, वि.सं. २०८१) । रेड्क्लिफ ब्राउनले सामाजिक साँस्कृतिक विश्लेषणमा संरचनागत प्रकार्यत्मक विश्लेषणको नमूना व्यावहारिक देखिन्छ भनेका छन् । माथि उल्लेख गरेका रकमीहरूको कार्यविभाजनबाट यस तथ्यलाई पुष्टि गरेको छ ।

## निकुथु जात्राको प्रयोजन

प्राचीनकालमा मानिसहरू जीवनयापनको लागि अनुकुल वातावरणको खोजीमा एक स्थानबाट अर्को स्थानमा बसाइँ सर्ने सजिलो बाटो, हावापानी प्रभावकारी हुनाले त्यो समय मानिसहरू नेपाल खाल्टो या उपत्यकामा स्थायी रूपमा बसोबास गर्न थालेको देखिन्छ । गाईबस्तु पाल्न उब्जाउ र मलिन जग्गा जमिन हुनाले घाँसपातको जोहो गर्न सजिलो, नजिकै जंगल हुनाले काठदाउरा पनि व्यवस्था गर्न सजिलो हुन्थ्यो । यसरी वरिपरिको वातावरण र हावापानी अनुकूल मानिसहरूले कृषि र पशुपालन गर्दै आफ्नो दैनिकी चलाउँदै गए भन्ने मान्यता राखिन्छ । मल्लकालको अन्तिम समयतिर (सन १७२१) काठमाडौँ उपत्यका आएका पादरी इपोलितोले आफ्नो यात्रा विवरणमा यहाँका मानिसहरूको हाँस, कुखुराका साथै राँगाको मासु खाने चलन भएको व्याख्या गरेका थिए । यसरी पशुहरूको उचित व्यवस्थापन गरेर शारीरिक शक्ति आर्जन गर्न बलिप्रथा चलनमा आएको भान हुन्छ ।

इतिहासकारहरूका अनुसार बाह्रौँ शताब्दीमा राजा गुणकामदेवले भक्तपुर नगरको रक्षाका लागि चारै दिशामा अष्टमातृका देवीका पीठहरू बनाउन लगाएका थिए । लिच्छवी कालपछि मल्लकालको पूवार्धमा अर्थात् ने.सं. ४४४ मा सिमरौनगढबाट आराध्य देवी तुलजा भवानी भक्तपुर प्रवेश गरेको र ने.सं ५१४ मा जयस्थिति मल्लले त्यही तलेजु भवानीलाई केन्द्रित गरी जातिमाला लागू गरेपछि मजबुत जातीय संरचनासहितको समाज बनेको तथ्य धौभडेल लेख्दछन् (धौभडेल, वि.सं. २०८०, पृ. २२) । यसप्रकार शक्ति वा सत्ता पक्षबाट नै सामाजिक व्यवस्थाभित्र रहेका विविध जातिहरूबीचको प्रकार्यात्मक सम्बन्धलाई मजबुत गर्ने उद्देश्यले निश्चित वर्गका मानिसहरूलाई तिनको क्षमताअनुसारको जिम्मेवारी दिएर प्रकार्यवादी सिद्धान्त अनुसार बलि संस्कृतिको निर्माण गरे र विविध विधि विधानका साथ यस परम्परालाई विकास गर्दै आएको देखिन्छ ।

'वेद, वेदाङ्ग, स्मृति, पुराण आदि शास्त्रहरूमा पशुयज्ञहरूको विधिविधानको वर्णन पाइन्छ (सापकोटा, वि.सं. २०७९, प्राक्कथन) । लोकजीवनमा यद्यपि कुलपूजा गर्दा पशुबलि चढाउने परम्परा रहँदै आएको छ । "धन छ । सघाउने जनहरू पनि छन् भने एक दुई होइन १०८ नै बलि चढाई भोगयोनिका मूक प्राणीहरूको कर्मबन्धन छिनालौँ । खसी पारेर खानु महापराध हो, बलि चढाएर प्रसाद खानु उपकार हो । उपकारले सबैको भलो गर्छ" (राजोपाध्याय, वि.सं. २०७९, प्राक्कथन) यसबाट धार्मिक रूपमा नै बलिलाई सकारात्मक रूपमा लिइएको ज्ञात हुन्छ । यसैगरी नगरका बयोबृद्ध मातङ्गीका भनाइमा पशुहरूले जन्म लिने समय शिरमा आगो बाल्न पाउँ भन्ने इच्छा व्यक्त गरेको हुन्छ ।

साहीहरूको हकमा निकुथु बलि दिनु महिनादिन अघि नै तलेजुका पुजारीद्वारा एक विशेष माला दिइन्छ। यो माला लिएपछि घरमा बिटुलो परेको खण्डमा तलेजुमा महिष बलि दिने व्यक्तिले बार्नु नपर्ने मान्यता रहेको छ। यस वर्ष 'न्वकु' सर्जन साहीले उक्त माला स्वीकार गरेको १३ दिनपछि आफ्नो अर्धाङ्गीनीलाई गुमाउनु परेता पनि आफ्नो कर्तव्य जारी राखेको तीनका पुत्र उल्लेख गर्दछन्। यसैगरी निकुथु बलिदिँदा मूलगुठीका प्रमुख प्रतिनिधिले अष्टमीको बिहान झौखेलबाट ल्याइएको चोखो जलले नै सिन्चन गर्नुपर्दछ। बलि दौरान मूलगुठी र चगुठीलाई हातमा 'द्यःकल्ली' लगाई, कलश बोकाएर देवताको प्रतिनिधित्व गराइन्छ। यही मान्यताअनुसार तिनलाई विधिवत् पूजा गरी निकुथु लगायत बाँकी २३ वटा महिषको रक्त अर्पण गरिन्छ। द्योला जातिका मानिसले निकुथुको रक्त दशमीका दिन हरेक द्योला जातिको घरमा छाप लगाउनु र निकुथुको मासु र हड्डी सम्पूर्ण रकमी लगायत सर्वसाधारणले समेत लक्ष्मीपूजामा धुनीमा राखेर बाल्नाले घरमा नकारात्मक ऊर्जा हटेर जाने मान्यता रहेको छ। यसबाट निकुथु बलिको मुख्य प्रयोजन पर्यावरणिय सन्तुलन, सामाजिक सद्भाव, मानसिक भयबाट मुक्ति दिलाउने र मासुजन्य पदार्थको सेवन गरेर शारिरीक शक्ति आर्जन गर्ने देखिन्छ।

विगतमा जात्रा, पर्व र उत्सवको क्रममा देवदेवीलाई आफूले घरमा पाल्ने गरेका हाँस, कुखुरा, संगुर, बोका, भेंडा र राँगोको बलि दिइन्थ्यो। यसरी बलि दिइएका पशु, पक्षीको मासु प्रसादको रूपमा सबैजना मिलेर खाने गर्दथे। परम्परालाई निरन्तरता दिने क्रममा कलिलो राँगोहरूलाई नै बलि दिने गरेको पाइन्छ। यसबाट कतिपय पशुअधिकारकर्मी तथा सर्वसाधारणले सरोकारवाला पक्षलाई नकारात्मक दष्टिकोणले हेर्ने गरेको ज्ञात हुन्छ । यसले निर्दोष पशुहरूको अधिकार पनि हनन भएको बताइन्छ। तथ्याङ्कले वर्तमान समयमा मासुको उपभोग गर्ने जनसंख्या बढेको देखाएको छ। तसर्थ मासुजन्य कारोबार गर्ने व्यापारी तथा कृषकहरूले पशु अधिकारलाई ध्यानमा राखेर आफ्नो व्यवसाय चलाउनुपर्ने देखिन्छ।

## निष्कर्ष

निकुथुको अर्थ बलिका लागि योग्य सम्पूर्ण गुणहरू भएको तथा शुद्ध महिष भन्ने हुन्छ। यसलाई कालरात्रिका दिन महिषासुरको प्रतीकको रूपमा बलि दिइन्छ। परापूर्वकालदेखि नै देवीदेवतालाई पशुबलि दिने चलन भएतापनि हिंसालाई चाहि स्थान दिइएको छैन। बलिपूजामा पशुलाई पर्साउने र देवतालाई अर्पण गर्ने कार्य गरिन्छ। यसवाट पशुले मोक्ष प्राप्त गर्दछ भन्ने मान्यता छ। यसैगरी देवीको पूजामा जुन पशुलाई बलि चढाइन्छ, त्यो पशुले मुक्ति पाउदछन्। बलि चढाउने साधकलाई पनि पाप लाग्दैन भन्ने मान्यता पाइन्छ। कुनै समय प्रतिकूल मौसमबाट जोगिन जनावरको छालाको प्रयोग र आहारको रूपमा, मनोवैज्ञानिक रूपमा निडर बन्न र शारीरिक शक्ति प्राप्त गर्ने उद्देश्यले बलिप्रथा प्रचलनमा आएको देखिन्छ। उक्त सिद्धान्तअनुसार नै पशुको सङ्ख्यामा बृद्धि भएमा पर्यावरणमा असन्तुलन हुन्छ। वातावरणमा नकारात्मक प्रभाव पर्दछ भन्ने तथ्यलाई मनन गरेर जात्रा वा धर्मको रूपमा यसको प्रचलन भएको प्रतीत हुन्छ। यसैगरी आफूलाई मीठो लाग्ने कुरा देवीदेवतालाई पनि अर्पण गर्नुपर्दछ भन्ने मान्यतामा मानिसहरूले पशुबलि दिन लागेको मानिन्छ। दुर्खिमको संरचनात्मक प्रकार्यवादी सिद्धान्तमा उल्लेख भए जस्तै निकुथु जात्रा एउटा विन्दुमा निर्माण भई यसले विविध जातिहरूलाई समान रूपमा समावेश गराएर आपसी जातीय द्वन्द्व व्यवस्थापन गर्न खोजेको देखिन्छ। निकुथु बलिमा राजोपाध्याय, जोशी कर्माचार्य, रंजितकार, बैद्य, मूलगुठी, चगुठी, साही र द्योला आदि समुदायको अनिवार्य सहभागिता रहेको हुन्छ। उल्लेखित सम्पूर्ण जातजातीको आ-आफ्नै कार्य विभाजन गरिएको हुन्छ।

निकुथु जात्रा सम्पन्न गर्न संलग्न साही, मूलगुठी र चगुठीहरूले महिनादिन अघिदेखिको निति नियमको पालना गर्नुपर्ने मान्यता छ। यसो गरेमा वर्ष दिनभरि नै अनुशाषित तवरले जीवनयापन गर्न सकिन्छ। अन्ततः सदाचारी मानवलाई देवताको रूपमा पनि पुज्न सकिने ज्ञान दिनु नै जात्राको मुख्य प्रयोजन हुन सकिने देखिन्छ। बलिको समय देवताका प्रतिनिधिलाई शरीरमा तेल र घ्यू दल्नाले वैज्ञानिक रूपमा नै महिषहरूको रगतले शरीरलाई कष्ट हुनबाट जोगाउने स्पष्ट हुन्छ।

वर्तमान समयमा पशुबलि सम्बन्धी सकारात्मक र नकारात्मक दुवै प्रकारका टिप्पणीहरू भैरहेको छ। माछामासुको अत्याधिक सेवनले रोगव्याधि बढ्ने भएतापनि दिनानुदिन यस्तो भोजन गर्ने मानिसको संख्या बढेको तथ्याङ्कले देखाउँछ। आर्थिक लाभको स्वार्थ पूर्तिको लागि पशुहरूको अधिकार नै हनन हुने गरि तिनको आयात निर्यात गरेको मान्यता पशुअधिकारकर्मीको छ।

# परिशिष्ट



चित्र नं. १: बैद्यको घरको छिडिमा रहेको निकुथु फोटो: सोधार्थी



चित्र नं. २: कर्माचार्यद्वारा निकुथुको पूजा गरिँदै फोटो: सोधार्थी



चित्र नं. ३: ब्यासी टोलमा सुकुण्डा लिएर बसेका स्थानीयहरु
फोटो: सोधार्थी




चित्र नं. ४: निकुथुको स्वागत गर्न बसेका राजोपाध्याय फोटोः सोधार्थी



चित्र नं. ५: दरबार स्क्वायरको परिसरमा निकुथुलाई घुमाउँदै स्थानीयहरू
फोटोः सोधार्थी



चित्र नं. ६: भेलुखेलमा प्रत्येकको घरमा कालरात्रिमा बलि लिइएका राँगाहरुको रगत छाप लगाएर फर्कदैं फोटोः रजन कुस्ले

**कृतज्ञता ज्ञापन अर्न्तवार्ता प्रयोजन**

| क.स. | नाम | ठेगाना | लिङ्ग | वर्ष | पेशा | अन्तर्वाता मिति |
|---|---|---|---|---|---|---|
| १. | कृष्णप्रसाद चगुठी | ब्यासी-२, भ.न.पा. | पुरुष | ५१ | जेष्ठ नागरिक | २०८१ पुष २२ गते |
| २. | तुल्सीनारायण बैद्य | तेखाचों (हाल पाण्डुबजार)-३, भ.न.पा. | पुरुष | ६६ | पुष्प ब्यावसायी | २०८१ पुष २० गते |
| ३. | दिलबहादुर मातङ्गी | भेलुखेल, भ.न.पा | पुरुष | ८५ | जेष्ठ नागरिक | २०८० चैत्र २३ गते |
| ४. | प्रज्ञश राज राजोपाध्याय | इपाक्षें, भ.न.पा | पुरुष | ५१ | तलेजु, पुजारी | २०८१ पुष ५ गते |
| ५. | महेन्द्रगोपाल कर्माचाय | गोल्मढी-७, भ.न.पा. | पुरुष | ६३ | शिक्षासेवी, पूर्व प्रधानाध्यापक | २०८० पुष २५ गते |
| ६. | राजाराम मूलगुठी | बलाक्व-८, सु.न.पा. | पुरुष | ५० | ब्यावसायी | २०८१ पुष ४ गते |
| ७. | रामभक्त सुवाल | ब्यासी-२, भ.न.पा | पुरुष | ७४ | जेष्ठ नागरिक | २०८१ पुष १ गते |
| ८. | सर्जन साहि | भ.न.पा.-९, लामगाल | पुरुष | ६७ | न्वकु | २०८१ पुष १६ |
| ९. | सुर्यबहादुर रंजितकार | चासुखेल-५ भ.न.पा. | पुरुष | ४६ | शिलाकर्मी | २०८१ पुष १ गते |

## सन्दर्भ सामग्री


आचार्य, महेश, (वि.सं. २०८०), *लुँती अजिमा जात्रा र जीव आहुति होम,* Nepalese Culture, 16 पृ. २५-३८ : त्रि.वि. संस्कृति केन्द्रीय विभाग ।

उपाध्याय भट्ट, विद्यानाथ (२०६२), *तन्त्रविद्यालोक* ,अन्नपूण उपाध्याय भट्ट

खत्री, प्रेमकुमार, पौड्याल, वीणा, र अन्य, (वि.सं २०८१), *नेपालको सांस्कृतिक इतिहास.* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

चौगुठी, राजन,(२०६४), *जात्रापर्व, संस्कार र चगुठी,* चगुठी गुठी परिवार

ताम्राकार, सुमनराज, (वि.सं. २०६६), *पनौटीका चाँडपर्वहरू र मकरमेला,* न्यू धुलिखेल प्रिन्टिङ प्रेस

पोखरेल, निर्मला,(वि.सं. २०७७), *शक्तिका स्रोत नवदुर्गाहरू* , Nepalese culture a peer review journal. Vol XIV

पौड्याल, विणा, शर्मा डिल्लीराज शर्मा, र पोखरेल गोपाल, (वि.सं. २०७८), *नेपाल उपत्यकाका केही जात्रा.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

बज्राचार्य, धनबज्र, (वि.सं. २०५३), *लिच्छवी कालका अभिलेख.,* नेपाली र एशियाली अनुसन्धान केन्द्र ।

बज्राचार्य, धनबज्र, (वि.सं. २०६८), *पूर्वमध्यकालका अभिलेख,* नेपाली र एशियाली अनुसन्धान केन्द्र ।

माली, इन्द्र, (वि.सं. २०६६), *नेपालभाषा तःखँग्व : धुकू.* नेपाल भाषा एकेडेमी ।

राजोपाध्याय, महेश्वर जुजु, (वि.सं. २०७९), *गीतामा लुकेको तन्त्र.* सानु सापकोटा ।

राजोपाध्याय, हरिशरण, (वि.सं. २०७४), *नेवाः सँस्कृतिमा घोत्लिँदा.* क्लासिक स्क्रिन प्रिन्ट ।

सापकोटा, सन्दीप, (वि.सं. २०८०), *सनातन धर्ममा बलिको अपरिहार्यता.* तन्त्रचर्चा परिवार ।

श्रेष्ठ, टेकबहादुर, (२०७८), *फर्पिङको ऐतिहासिक रूपरेखा.* स्वदेश प्रकाशन प्रा.लि. ।

श्रेष्ठ, पुरुषोत्तम, (२०८०), *अन्तरङ्गका तरङ्गहरू.* भक्तपुर, न्यू विद्या प्रिन्टिङ प्रेस ।

क्षेत्री, गणेश र खतिवडा, सोमप्रसाद, (वि.सं. २०५४), *हिन्दू समाज र धर्म,* शिवा प्रकाशन ।